नपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन इकाई, तेह्रथुम
कार्यक्षेत्रः-तेह्रथुम र धनकुटा
☎: ०२६-५९०८००
Email: pmamp.piu.tehrathum@gmail.com

पत्र सं. २०७९/०८०
च.नं.

## सूचना नं. १

## सूची दर्ता गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/१८**

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई तेह्रथुम अन्तर्गत तेह्रथुम र धनकुटा जिल्लाका तपसिल बमोजिमका कार्यक्षेत्रहरुमा आ.व.-२०७९/०८० मा जोन विकास कार्यक्रम संचालन भैरहेकोले उक्त कार्यक्षेत्र भित्र रहेका नियमानुसार दर्ता भएका कृषि फर्म/ कृषक समूह/ कृषि सहकारी/कृषिउद्यमी/ कृषि व्यवसाय कम्पनी/ जल उपभोक्ता हरुको लाभग्राही सूची तयार गर्नुपर्ने भएकोले नयाँ सुचिकृत हुन चाहने तथा यस अघि सूचिकृत भई नवीकरण हुन चाहने ईच्छुक कृषि फर्म/ कृषक समूह/ कृषि सहकारी/कृषि उद्यमी/ कृषि व्यवसाय कम्पनी/ जल उपभोक्ता समितिहरुले यस कार्यालयबाट निर्धारित ढाँचाको आवेदनका साथ आवश्यक कागजातहरु सहित परियोजना कार्यान्वयन इकाई तेह्रथुम वा जोन प्राविधिक इकाई धनकुटा (सिधुवा)मा मिति २०७९/०५/१७ गते कार्यालय समय भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

| जिल्लाः तेह्रथुम | |
|---|---|
| **अलैची जोन** | **तरकारी जोन** |
| लालीगुराँस नगरपालिका वडाहरुः ८ र ९<br>म्याङलुङ नगरपालिका वडाहरुः ६. ७ र ८<br>फेदाप गाउँपालिका वडाहरुः२, ४ र ५<br>मेन्छयायेम गाउँपालिका वडाहरुः१, २ ,३, ४, ५ र ६<br>अठराई गाउँपालिका वडाहरु २ र ३ | लालीगुराँस नगरपालिका वडाहरुः १,२ र ४<br>म्याङलुङ नगरपालिका वडाहरुः२ र ३<br>छथर गाउँपालिका वडाहरुः १ र ६ |
| **जिल्लाः धनकुटा** | |
| **तरकारी जोन ( अनुसरण)** | **सुन्तला जोन** |
| महालक्ष्मी नगरपालिका वडाहरुः१, ७ , ८ र ९<br>छथरजोरपाटी गाउँपालिका वडाहरुः १, २, ३, ५ र ६ | सहिदभूमि गाउँपालिका वडा नं.२,४,५ र ६<br>धनकुटा नगरपालिका वडा नं.१ र ३<br>साँगुरिगढी गाउँपालिका वडा नं. २ र ३ |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः-**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. संस्था तथा निजी फर्म दर्ता प्रमाणपत्र तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि ।
३. संस्थाको स्थायी लेखा नम्वर र आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. स्थानीय तह कृषि शाखा वा वडा कार्यालयको सिफारिस पत्र ।
५. समूह तथा संस्थाको निर्णय प्रतिलिपि ।
६. खेती गरिने जग्गा/स्थान खुल्ने गरी जग्गाधनी लालपुर्जाको प्रतिलिपि ।
७. परियोजनाले निर्धारण गरेको ढाँचा अनुसारको आवेदन।

**नोट थप जानकारीको लागि सम्पर्क नं. ९८५२०४४८००, धनकुटा ९८४२४३९७०८, सिधुवा ०२६-४०४१९०**

..................
निमित्त वरिष्ठ कृषि अधिकृत